## मिति २०८२/०३/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १**

नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०८२/०८३ का लागि नगर प्रमुख बाट प्रस्तुत हुने नीति तथा कार्यक्रमहरु स्वीकृतीका लागि नगरसभाको १७ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०८२/०८३ का लागि नगर उप-प्रमुख बाट प्रस्तुत हुने राजश्व र व्ययको अनुमान स्वीकृतीका लागि नगरसभाको १७ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक विधेयक, २०८२, विनियोजन विधेयक, २०८२, मर्मत सम्भार विधेयक, २०८२ र प्रज्ञा प्रतिष्ठान विधेयक स्वीकृतीका लागि नगरसभाको १७ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका बैठकका मिति २०८१/०४/०१ गतेदेखि हालसम्मका निर्णयहरु अनुमोदनका नगरसभाको १७ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) बमोजिम नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को प्रासि र भुक्तानीको लेखापरीक्षणका सम्बन्धमा महालेखा परिक्षकको कार्यालयबाट प्रास अन्तिम लेखापरीक्षण प्रतिवेदन छलफलका लागि नगरसभाको १७ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगरसभाबाट मदरसाहरुको भौतिक सुधार कार्यक्रमका लागि विनियोजन गरेको बजेट रकम ३० लाखबाट मदरसाहरुको भौतिक पुर्वाधार निर्माणमा १५ लाख रुपैया तथा मदरसाहरुको मागमा आधारित मेशिनरी औजार तथा फर्निचर फिक्चर्सका लागि १५ लाख रुपैया बाँडफाँड गर्ने निर्णय गरियो ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८२/०३/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. ७**

यस नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बजेट, योजना तथा कार्यक्रम खानेपानीका लागि नल्का खरिद तथा वितरण कार्यक्रम अन्तर्गतको नल्का खरिद गरी गरिब तथा विपन्न वर्गका समुदायका व्यक्तिहरुलाई वितरण तथा सार्वजनिक स्थानहरुमा जडान गर्ने गरी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नेपालगञ्ज उप-महानगरपालिकाको आन्तरिक आय वृद्धिका उपाय सहितको सुझावका लागि प्रतिवेदन पेश गर्न गठित उप-समितिबाट प्राप्त प्रतिवेदन उपर बैठकमा छलफल गरियो ।

**निर्णय नं. ९**

नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २ मा सञ्चालन भइरहेको मेट्रिक हाउस नम्बरीङ्ग कार्यका लागि बाटो नामाकरण भई नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २ कार्यालयको प.सं. २०८१।०८२, च.नं. ११६१, मिति २०८२।०३।०३ गतेको सिफारिस एवं प्रमाणित कागजात बमोजिम वडाका बाटाहरुको नामाकरण स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

नेपालगञ्ज उप-महानगरपालिकाको विनियोजन ऐन, २०८१ को दफा ३ (२) बमोजिम पारिश्रमिक कर्मचारी (२११११) शिर्षकबाट २३ लाख ७५ हजार रुपैया घट गरि सो रकम स्थानिय भत्ता (२११३१) शिर्षकमा २ लाख रुपैया, पानि तथा बिजुली (२२१११) शिर्षकमा १० लाख रुपैया, मसलन्द तथा कार्यालय सामाग्री (२२३११) शिर्षकमा ८ लाख ७५ हजार रुपैया, पशुपंक्षीहरूको आहार (२२३१२) शिर्षकमा ३ लाख रुपैया रकम सार्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

मिति २०८२/१२/२७ गते नगर प्रमुख श्री प्रशान्त बिष्टको अध्यक्षता बसेको सर्वपक्षिय सर्वदलिय बैठको निर्णय अनुसार हात्तिपाईले रोग विरुद्धको आम औषधि सेवन अभियान सञ्चालन कार्यक्रममा थप रकम रु.५०००००.०० (पाँच लाख) विनियोजन गर्न नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय बमोजिम स्वास्थ्य शाखाबाट हात्तिपाईले रोग विरुद्धको आम औषधि सेवन अभियानलाई सफल बनाउन सञ्चालन गरिएको कार्यक्रमको जम्मा खर्च रकम रु.२,९९,२१२.००/- (अक्षरुपी दुई लाख उनान्सय हजार दुई सय बाह्र रुपैयाँ मात्र) आ.व. २०८१/०८२ को स्वीकृत बजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमहरु शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।



रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८२/०३/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १२**

मिति २०८२/०३/०८ जिल्ला बाँके साविक साईगाउँ गा.वि.स. वडा नं. ५ हाल जिल्ला बाँके नेपालगञ्ज उप-महानगरपालिका वडा नं.१५ बस्ने तरन्नम बानो राईको नाउमा दर्ता रहेको सिट नं.०३५-१४४९-०५, कि.नं.२९, ज.वि.०-०-०-०/४५५.०० जग्गा रजिष्ट्रेशन पारित गर्दा, किसान फिड मिल प्रा.लि. पशुपंक्षी तथा कृषि उत्पादन व्यवसाय गर्ने फर्म भएकोले उक्त जग्गा रजिष्ट्रेशन पारित गर्दा लाग्ने दस्तुरमा नियमानुसार ७५% छुट पाउनका लागि श्री भूमिसुधार तथा मालपोत कार्यालय बाँकेको नाउमा कार्यपालिकाको सिफारिस पाउँ भनि निवेदक सुरज रावतले दिएको निवेदन उपर छलफल गर्दा नेपालगञ्ज उप-महानगरपालिका कार्यालयमा उक्त व्यवसाय दर्ता नं २६-२२-११ बाट व्यवसाय दर्ता गराई आ.व. २०८१।०८२ असार मसान्त सम्मको नविकरण भएको देखिएको। तत् सम्बन्धमा लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन, २०८१ को दफा २ सँग सम्बन्धित अनुसूची-१ ग. विविध १ मा जलविद्युत उद्योग, सौर्य उर्जा, चिया खेती, कफि खेती, पशुपक्षी पालन, अलैची खेती, जडिबुटी खेती एवं फलफुल उद्योगको नाउमा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ भनि लेखिएको साथै स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रमा व्यवसायका कारोबारहरुमा फलफुल तथा तरकारीहरुको संरक्षण गर्ने, पशु आहार (दाना) उत्पादन गर्ने क्रियाकलापहरु, आयात सम्बन्धी कारोबार, निर्यात सम्बन्धी कारोबार भनि उल्लेख भएको हुँदा लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन, २०८१ को दफा २ सँग सम्बन्धित अनुसूची-१ ग. विविध १. बमोजिम भूमिसुधार तथा मालपोत कार्यालय, नेपालगंञ्ज, बाँकेमा सिफारिस दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

भूमिसुधार तथा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको प.सं. ०८१/०८२, च.नं. १२८४०, मिति २०८२/०३/०९ गतेको कार्यालयमा फर्निचर खरिद तथा मर्मत सम्बन्धी कार्यको रकम भुक्तानीको लागि सहयोग गरिदिने सम्बन्धमा प्राप्त अनुरोध पत्रानुसार सो कार्यका लागि खर्च भएको रकम रु.३१६६२६.०० (तीन लाख सोह्र हजार छ सय छब्बीस रुपैया मात्र) आ.व. २०८१/०८२ को स्वीकृत बजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमहरु शिर्षकबाट भूमिसुधार तथा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको नाममा निकासा दिने निर्णय गरियो।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८२/०३/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १४**

नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, बाँके र सुसान्त निर्माण सेवा, बैजनाथ-६, बाँके विच मिति २०८०।१२।१८ मा भएको ठेक्का नम्बर NSMC/NCB/W11/080/081 नगरपालिकाको विभिन्न स्थानमा छुटेको पिच बाटो निर्माण कार्यक्रम सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकिएको हुँदा सुविस्ताका आधारमा ठेक्का अन्त्य गरी पाँउ भनी सुसान्त निर्माण सेवा, बैजनाथ-६ बाँकेले मिति २०८२।०२।०४ गते यस कार्यालयमा निवेदन पेश गरेको सन्दर्भमा नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०८१।०५।०९ बैठकको निर्णयानुसार मिति २०८१ कार्तिक मसान्त सम्म म्याद थप भएकोमा नगर कार्यपालिकाको मिति २०८१।११।२३ गतेको निर्णयानुसार मिति २०८२ जेष्ठ ३० सम्म पून म्याद थप भएको र वडा नं. २ स्थित भानुभक्त चोक देखि पश्चिमको सडक कालोपत्रे वडा नं. ४ स्थित गणेशपुर देखि ए.बि.सि. स्कुल जाने बाटोको साइट क्लियर भएको स्थानमा कालोपत्रे काम सम्पन्न भएको र वडा नं. २ स्थित पुरानो वडा कार्यालय नजिक छुटेको बाटोमा पश्चिम तर्फ साइट क्लियर नभएको तथा वडा नं.४ स्थित रासी पथ देखि पुरानो फुलटेक्रा मा.बि. जाने सडकको साइट क्लियर नभएको हुँदा उक्त सम्झौताको सुविस्ताका आधारमा ठेक्का अन्त्यका लागि निवेदन प्राप्त भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(४) बमोजिम सुविस्ताका आधारमा ठेक्का अन्त्य गर्ने र बाँकी रकम प्राविधिकको प्रतिवेदनका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

नेपालगञ्ज उप-महानगरपालिकामा कार्यरत तपसिलमा उल्लेखित कर्मचारीहरुले लुम्बिनी प्राविधिक विश्वविद्यालय, नेपालगञ्ज, बाँकेमा B. Tech. In Civil Engineering (Morning Shift) अध्ययन गर्नका लागि अनुमति पाउँ भनि मिति २०८२/०१/०३ गते निवेदन पेश गर्नुभएको र अध्ययनरत संस्थाको च.नं. ३७/०८१/८२, मिति २०८२/०३/०८ गतेको पत्रानुसार निजहरुको कक्षा सञ्चालन बिहानी सत्रमा भईरहेको जानकारी प्राप्त भएको हुँदा निवेदकहरुलाई कार्यालयको कामकाजमा बाधा नपर्ने गरी अध्ययन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल :**

| सि.नं. | कर्मचारीको नाम, थर | पद | तह |
|---|---|---|---|
| १. | श्री सुजाता बुढाथोकी | सब-इन्जिनियर | सहायक पाँचौ |
| २. | श्री महेश वि.क. | सब-इन्जिनियर | सहायक पाँचौ |
| ३. | श्री पवन बुढा | सब-इन्जिनियर | सहायक पाँचौ |
| ४. | श्री भिम बहादुर सुनार | असिस्टेन्ट सब-इन्जिनियर | सहायक चौथो |
| ५. | श्री नथुनी कुमार चौधरी | असिस्टेन्ट सब-इन्जिनियर | सहायक चौथो |



रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

## मिति २०८२/०३/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १६**

नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको परिचयपत्र नविकरण गर्नका लागि बायोमेट्रिक स्क्यानर आवश्यक रहेको हुँदा सोको खरिद वापत लाग्ने अधिकतम रु.४०००००.०० (चार लाख मात्र) आ.व. २०८१/०८२ को स्वीकृत बजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमहरु शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १७**

नेपालगञ्ज उप-महानगरपालिका र नेपाल मिडिया टेक्नोलोजी प्रा.लि. बीच नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र विज्ञापन कर ठेक्का मार्फत संकलन कार्यका लागि मिति २०७९/०५/०७ गते ३ (तीन) वर्ष अवधिको लागि सम्झौता गरिएकोमा उक्त अवधी मिति २०८२/०५/०७ गते समाप्त हुने हुँदा पूनः विज्ञापन करको आय बोलपत्र आव्हान गर्न न्यूनतम वार्षिक रकम रु.४२७५०००/- (बयालिस लाख पचहत्तर हजार, मू.अ.कर समेत) कायम गरी बोलपत्र आव्हान गर्न राजस्व परामर्श समितिबाट सिफारिस भई आएकोले नेपालगञ्ज उप-महानगरपालिकाको आन्तरिक आय व्यवस्थापन तथा नियमन ऐन, २०८१ बमोजिम बोलपत्र आव्हान गर्ने निर्णय गरीयो।

**निर्णय नं. १८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ र नेपालगञ्ज उप-महानगरपालिकाको नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ को नियम ४(६) सँग सम्बन्धित अनुसूची ५ बमोजिम देहायका समितिहरु पुनर्गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. **सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री बिना थापा | संयोजक |
| २. | श्री कलिम अहमद जोलाह | सदस्य |
| ३. | श्री शोभा खटिक | सदस्य |
| ४. | प्रमुख, प्रशासन तथा जनशक्ति विकास शाखा | सदस्य-सचिव |

२. **आर्थिक विकास समिति**

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री संगिता रेग्मी | संयोजक |
| २. | श्री सुरेश सिंह ठाकुर | सदस्य |
| ३. | श्री बिक्रम चिडिमार | सदस्य |
| ४. | प्रमुख, सहकारी तथा रोजगार शाखा | सदस्य-सचिव |



रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

## मिति २०८२/०३/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

३. सामाजिक विकास समिति

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री कुमारी पुष्पा सिंह | संयोजक |
| २. | श्री प्रशान्त श्रेष्ठ | सदस्य |
| ३. | श्री तरुण कुमार बज्राचार्य | सदस्य |
| ४. | प्रमुख, सामाजिक विकास शाखा | सदस्य-सचिव |

४. पुर्वाधार विकास समिति

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री बसन्त कुमार कनौजिया | संयोजक |
| २. | श्री गोविन्द प्रसाद रेग्मी | सदस्य |
| ३. | श्री राज कुमार साहु तेली | सदस्य |
| ४. | प्रमुख, सडक तथा अन्य पूर्वाधार शाखा | सदस्य-सचिव |

५. वातावरण तथा विपद् व्यवस्थापन समिति

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री अमृता कुमारी सिंह | संयोजक |
| २. | श्री समिर प्रताप सिंह | सदस्य |
| ३. | श्री नन्द किशोर कश्यप | सदस्य |
| ४. | प्रमुख, विपद् व्यवस्थापन शाखा | सदस्य-सचिव |

६. विधेयक समिति

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री मोहम्मद मुजम्मिल हुसेन हल्वाई | संयोजक |
| २. | श्री कौशल कुमार धोबी | सदस्य |
| ३. | श्री शोभा खटिक | सदस्य |
| ४. | प्रमुख, कानून शाखा | सदस्य-सचिव |

निर्णय नं. १९

नेपालगञ्ज उप-महानगरपालिकामा सञ्चालित विपद् व्यवस्थापन सँग सम्बन्धित शहरी विपद् तथा भुकम्पिय पूर्वतयारी परियोजना (SUPER-II) परियोजना सम्पर्क व्यक्ति (Project Focal Person) को जिम्मेवारी वडा अध्यक्ष श्री समिर प्रताप सिंह लाई दिने निर्णय गरियो ।



रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

## मिति २०८२/०३/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. २०

नेपालगञ्ज उप-महानगरपालिकाको ई-रिक्सा सञ्चालन, व्यस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची-३, ई-रिक्सा सञ्चालन सम्बन्धी दस्तुर तथा जरिवाना अन्तर्गत सि.नं. १ मा रहेको दस्तुर "८००" को सट्टा "३००" र सि.नं. २ मा रहेको दस्तुर "५००" को सट्टा "२५०" भन्ने शब्द राखी संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

नेपालगञ्ज उप-महानगरपालिका, वडा कार्यालय र स्थानीय गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा सञ्चालित फोहोरमैला व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने निर्णय गरियो । साथै हाल वडा नं. २, ९ र १३ मा सञ्चालन गरिरहेका साबिककै संस्थाहरु मार्फत नै उक्त कार्य गर्न मिति २०८१/०३/३० गते नगर प्रमुखको अध्यक्षतामा बसेको बैठकबाट निर्णय भई सो बमोजिम मिति २०८१/०३/३१ गतेको स्वीकृत टिप्पणी र आदेशानुसार उक्त कार्यक्रम गर्न २०८१ साल साउन १ गते देखी लागू हुने गरी १(एक) बर्षको लागि म्याद थप गरी सम्झौता गर्ने निर्णय भएकोमा सो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका